फोन: ०४८-५४०११२

मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

सूचना नं.: कृषि-०३/२०७९/८०

## कृषि कार्यक्रम माग गर्ने सम्बन्धी सूचना।

**प्रथम पटक प्रकाशित मितिः २०७९/०५/१४**

मन्थली नगरपालिकाको चालु आ.व. २०७९/८० को फलफूल तथा तरकारी मूल्य शृङ्खला विकास आयोजना (VCDP) तर्फको कार्यक्रम अनुसार तपसिल बमोजिमको कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालन हुने भएकोले आयोजना सञ्चालन क्षेत्र (वडा नं. १, ७ र ८) का कृषक मध्ये आ.व. २०७८/७९ सम्म यस कार्यालयमा दर्ता/सूचिकृत भएका कृषि फर्म/कम्पनी, कृषक समूह र कृषि सहकारी संस्थाहरुलाई यो सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०७९/०५/२८ गते) भित्र कार्यालय समयमा आवश्यक कागजातहरु सहित यस मन्थली नगरपालिकाको कृषि विकास उपशाखामा आवेदन दिनु हुन सूचित गरिन्छ। म्याद समाप्त भए पश्चात् प्राप्त भएका र रीतपूर्वक पेश नभएका आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप विवरण | इकाई | परिमाण | अनुदानको विवरण |
|---|---|---|---|---|
| १ | प्लाष्टिक घरको लागि थोपा सिंचाई र प्लाष्टिक वितरण | संख्या | २० | बढीमा प्रति एकाई रु. १०,०००।- |
| २ | गोठेमल सुधार (भकारो सुधार) | संख्या | ४० | ५० प्रतिशत वा बढीमा प्रति एकाई रु. ७,५००।- |

**आवश्यक कागजातहरुः**

१. कार्यक्रम माग गर्ने सम्बन्धी निवेदन।
२. संस्था दर्ता/नविकरण प्रमाण-पत्र प्रतिलिपि।
३. संस्थागत निर्णयको प्रतिलिपि।
४. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि (निवेदकको)।
५. फर्म/कम्पनीको हकमाः पान नम्बर, कर चुक्ता विवरण वा रसिद।
६. सहकारी संस्थाको हकमाः मन्थली नगरपालिकामा आ.व. २०७८/७९ मा सूचिकृत/अद्यावधिक गरेको पत्रको प्रतिलिपि। (कार्यक्रममा छनौट भएको खण्डमा सम्झौता मितिसम्म चालु आ.व. २०७९/८० को लागि अद्यावधिक गरेको पत्र पेश गर्नु पर्नेछ।)
७. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
८. क्लष्टर (एउटै भेग/स्थान) मा कार्यक्रम गरिने प्रस्तावलाई प्राथमिकता दिइनेछ।

उपसचिव (प्रा.)
०७९/०५/१४

हेमन्त कुमार बुढाथोकी
उप-सचिव (प्रा.)